## जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र
## वर्दिया जिल्लाको वाढी अपडेट

मिति २०७४ श्रावण २७ गते राती देखी परेको अविरल बर्षाले भएको क्षती र प्रतिकार्यको अबस्था

**(२०७४ श्रावण ३१ गते साझ ५:०० बजेसम्मको )**

- वारवर्दिया १० गर्न्दध टोल वस्ने राजेन्द्र थारू नदिमा दाउरा तान्ने क्रममा मिति २०७४ श्रावण २८ गते वेपत्ता भएकोमा २०७४ श्रावण ३१ गते ८.३० वजेको समयमा गुलरिया नपा मरैयामा फेला भै सनाखत भएको
- ठाकुरवावा नगरपालिका २ सतवघवा वस्ने वर्ष ७० को साहुनी थारूको डुवानमा परेको घरको भित्ताले च्यापियर मृत्यु भएको ।
- ठाकुरवावा नगरपालिका ५ खोनपुर वस्ने वर्ष ६० को गोविन्द थारूको डुवेर मृत्यु ।
- गुलरिया नगरपालीका२ सगम वस्ती वस्ने ५३ वर्षको वल वहादुर सिहको नालामा डुवेर मृत्यु ।
- गुलरिया नगरपालिका १२ मा १ महिलाको वेवारिसे शव फेला परेको । हालसम्म सनाखत हुन नसकेको ।
- वासगढी नगरपालीका वडा न.१ चेपागमा तुलवहादुर विकको घर भत्कीन जादा ३ जना घाइते भएको । घाइते वर्ष ६० को नरकली विकको अवस्था चिन्ताजनक, थप उपचारको लागि नेपालगज मेडिकल कलेज लैजादै । अन्य घाइते वर्ष ३६ को सते नेपाली र उनको छोरी वर्ष १८ को भुमसरा विक सामान्य घाइते ।
- गुलरिया नगरपालिका खैरी नजिकै पानीले वगाइ गुलरिया नपा तेजिपुरमा१जना वर्ष ३२ को कालुराम चौधरीका उद्धार गरिएको । अवस्था चित्ताजनक रहेको ।
- हालसम्म वाढीका कारण १३३६२ परिवार प्रभावित । हाल ४३८८ परिवार विस्थापित, पुर्ण घर क्षतिको सख्या २१७३ रहेको प्रारम्भिक विवरण स्थानिय नगरपालिका र गाँउपालिका प्रमुख र अध्यक्षवाट जानकारी प्राप्त
- हालसम्म वाढी प्रभावित ब्यक्तिहरूको उद्धार गरिएको सख्या १२३६० जनाको ।
- हालसम्म ठाकुरवावा नगरपालीका, वासगढी नगरपालिका, वारवर्दिया नगरपालीका, गुलरिया नगरपालिका, मधुवन नगरपालिका, राजापुर, गेरूवा गाउँपालिकाका दर्जनौ गाँउ डुवानमा पानी परेर क्षति पुरयाएको प्रारम्भिक जानकारी ।
- प्रभावित लाई सुरक्षित क्षेत्रमा लैजाने क्रम जारी, वाढीवाट फसेकालागि नेपाली सेनाले ११८ महिला र ५३ पुरूष गरि ३२३ उद्धार गरिरहेको छ । जसमा १५२ जना वालवालीका रहेका छन् ।सेनाद्धार तयारी खाजा खुवाइएको
- गुलरिया नगरपालिकाको विचमा वरैया पुलले वगाएर पोलमा गएर करिव २ घन्टा देखी रोकीएका लाइ रेडक्रसका स्वयमसेवकहरूले १ किमि तल सम्म पौडेर उद्धार कार्य गरेको ।
- ३० गते विभिन्न विद्यालय, सामुदायिक भवनमा आश्रय लियर वसेको सख्या ४७७० जना रहेको ।
- वर्दिया जिल्लामा हालसम्म १५००० केजी सुख्खा खाना उपलब्ध गराइएको , जसमध्य ३००० केजि माननिय पशुपन्क्षी मन्त्री सन्त कुमार थारू ज्युवाट विभिन्न ठाउमा वितरण । हेलिकप्टरद्धार वारवर्दियाको रामपुरमा सुख्खा खाना वितरण गरिएको ।
- कृषि विकास कार्यालयको प्रारम्भिक सर्वे अनुसार डुवानीका कारण करिव ४० करोड ( भण्डारण गरिएको अन्न वाहेक ) क्षति भएको
- वाढीको कारण पशुपक्षिको नोम्सानी करिव ४०८८५०००/-वरावर भएको पशुसेवा कार्यालयवाट भएको प्रारम्भिक अनुमान गरिएको छ ।
- सवै स्थानिय निकायवाटै राहत वितरणको ब्यवस्था मिलाइएको ।
- २०७४ श्रावण ३० गते माननिय पशुपक्षी मन्त्री सन्तकुमार थारूको विशेष उपस्थितिमा जिल्ला दैविप्रकोप उद्धार समिति अर्न्तगत विषयगत क्षेत्रको बैठक वसी विपद् प्रतिकार्य र राहत वितरण कार्यलाई थप सकृय वनाउने निर्णय ।
- जिल्ला आपतकालिन कार्यसचालन केन्द्रलाइ सम्पुण सुचना उपलब्ध गराउने सवै निकायलाई ताकेता दिइएको ।
- नेपालगञ्ज गुलरिया सडक खण्ड जिल्ला प्राविधिक कार्यालय नेपाली सेना, शसत्र प्रहरी वलको पहलमा सुचारू गरिएको
- हालसम्म पनि अधिकास डुवान क्षेत्रमा जलमग्न नै रहेको र पानी घट्दो क्रममा रहेको छ ।
- ३ दिनदेखी पुर्ण रूपमा विद्युत सेवा अवरूद्ध ।
- २०७४ श्रावण ३१ गते माननिय सिचाई मन्त्री सञ्जय गौतम, माननिय भुमिसुधार मन्त्री गोपाल दहित, माननिय पशुपक्षी मन्त्री सन्तकुमार थारूको विशेष उपस्थितिमा जिल्ला दैविप्रकोप उद्धार समितिको वैठक बसी प्रतिकार्यका लागि विभिन्न निर्णय गरिएको ।
- जिल्ला दैविप्रकोप उद्धार समितिवाट ३ लाख वरावरको सुख्खा खरिद गर्ने गरि वजेट निस्कासन गरिएको ।
- वर्दिया जिल्ला अस्पतालमा अक्सीजन सिलिन्डर अभाव भएपछी नेपालगञ्नवाट हेलिकप्टर वाट ल्याइएको
- ५७ वटा विद्यालयमा क्षति पुर्याएको प्रारम्भिक विवरण ।